# माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०८०

**<u>प्रस्तावना:</u>** आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) मा व्यवस्था भएको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धी गाउँपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्न एवम् उल्लिखित व्यवस्थालाई संस्थागत समेत गर्न वाञ्छनीय देखिएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०८० साल असार महिनामा सम्पन्न माङसेवुङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा र व्याख्या:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले माङसेवुङ गाउँपालिका, इलामका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले माङसेवुङ गाउँपालिका, इलामका उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माङसेवुङ गाउँपालिका, इलामका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) "शिक्षा अधिकृत" भन्नाले माङसेवुङ गाउँपालिका, इलामका शिक्षा अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा तथा सामाजिक विकास शाखा हेर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले माङसेवुङ गाउँपालिका, इलामलाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले माङसेवुङ गाउँपालिका, इलामको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) "सभा" भन्नाले माङसेवुङ गाउँपालिका, इलामको गाउँ सभालाई सम्झनु पर्छ।

(ज) "वडा" भन्नाले माङसेवुङ गाउँपालिका, इलामको कुनैपनि वडालाई सम्झनु पर्छ।



विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ञ) "ऐन" भन्नाले माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०८० लाई सम्झनु पर्छ।

(ट) "विद्यालय" भन्नाले माङसेवुङ गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले यस ऐनको दफा १२ मा व्यवस्था भएको छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

माङसेवुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

३. <u>निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन गरिनेः</u> (१) प्रत्येक विद्यार्थीको एस.इ.इ. परीक्षाको नतिजामा गुणस्तर अभिवृद्धि गर्न अंग्रेजी, गणित र विज्ञान विषयमा कम्तीमा तिन महिनासम्म गाउँपालिकाको तर्फबाट निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) बमोजिमको कोचिङ कक्षा सञ्चालन गर्न प्रत्येक विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

(३) कोचिङ कक्षा सञ्चालनका लागि विद्यालयलाई उपलब्ध गराइने अनुदान रकमको निर्धारण समितिको सिफारिसमा प्रत्येक वर्ष कार्यपालिकाले गर्नेछ।

## परिच्छेद-३

## प्राविधिक छात्रवृत्ति सम्बन्धी व्यवस्था

४. <u>प्राविधिक विधामा छात्रवृत्ति उपलब्ध गराइनेः</u> (१) गाउँपालिका क्षेत्रभित्र दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले माङसेवुङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयवाट कक्षा १० एस. इ. इ. परीक्षामा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने एक छात्रा र एक छात्र विद्यार्थी समावेश हुनेगरी जम्मा दुईजना विद्यार्थीलाई प्रत्येक वर्ष प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह) मा छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एक जना विद्यार्थीलाई उपदफा (१) बमोजिमको छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीले प्राविधिक विधाको छात्रवृत्ति लिन नचाहेमा गाउँपालिका भित्रको एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने सुचीमा उल्लिखित योग्यताक्रममा रहेका विद्यार्थीलाई प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह) छात्रवृत्ति उपलब्ध गराइनेछ।

५. <u>कबुलियतनामा गर्नुपर्नेः</u> यस परिच्छेदमा उल्लिखित प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह ) को छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात् छात्रवृत्ति प्राप्त गरी अध्ययनमा गएको गाउँपालिकामा रही कम्तीमा ६ महिना अनिवार्य सेवा गर्ने गरी गाउँपालिका समक्ष अनुसूची १ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।



विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

६. **<u>शिक्षण संस्थाको छनोट र छात्रवृत्ति वापतको रकम भुक्तानी:</u>** (१) समितिको सिफारिसमा दफा ४ बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई अध्यापन गर्ने शिक्षण संस्थाको छनोट कार्यपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षण संस्थामा लाग्ने भर्ना शुल्क, रजिष्ट्रेशन शुल्क, मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी तोकिएको रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद-४

## विद्यावारिधी अध्ययन छात्रवृत्ति सम्बन्धी व्यवस्था

७. **<u>विद्यावारिधी अध्ययन छात्रवृत्ति उपलब्ध गराइने:</u>** (१) नेपालका कुनैपनि विश्वविद्यालयवाट PHD (विद्यावारिधी) गरिरहेका सोधकर्ताहरुलाई विद्यावारिधी अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका सोधकर्ताले उपदफा (१) बमोजिम विश्वविद्यालयमा विद्यावारिधी अध्ययन गरिरहेको कागजात पेश गरेपछि समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी छात्रवृत्ति उपलब्ध गराइनेछ।

८. **<u>PHD (विद्यावारिधी) मा अध्ययनरत सोधकर्ताले छात्रवृत्ति पाउन आवेदन गर्नुपर्ने:</u>** दफा ७ मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिमा आवेदन गर्न योग्य उमेद्वारले देहायका कागजात सहित समितिमा आवेदन गर्नु पर्नेछ:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) एस.इ.इ./ एस.एल.सि र सोभन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) विश्वविद्यालयमा सोधकार्य गरिरहेको प्रमाण खुल्ने कागजात,

(घ) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपी,

(ङ) समितिले तोकेका अन्य आवश्यक विषयहरु।

९. **<u>छात्रवृत्ति उपलब्ध गराइने सोधकर्ताको नाम प्रस्ताव गरी आशयको सुचना प्रकाशित गर्नुपर्ने:</u>**

(१) समितिले दफा ८ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी छात्रवृत्तिका लागि योग्य देखिएका दुईजना सोधकर्ताको नाम प्रस्ताव गरी छात्रवृत्ति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।



विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कही कतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस ऐनको दफा ७ बमोजिमको छात्रवृत्तिका लागि योग्य देखिएका दुईजना सोधकर्ताको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएको विद्यार्थीलाई कार्यपालिकाको निर्णयले विद्यावारिधी अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

१०. <u>कबुलियतनामा गर्नुपर्ने:</u> यस ऐन बमोजिम विद्यावारिधी अध्ययन छात्रवृत्तिमा छनोट भएको सोधकर्ताले अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा एक वर्षसम्म गाउँपालिकाको सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ।

११. <u>छात्रवृत्ति वापतको रकम बैंक खाता मार्फत भुक्तानी गरिने:</u> (१) यस ऐन बमोजिम विद्यावारिधी अध्ययन छात्रवृत्तिमा छनोट हुने सोधकर्ताका लागि कार्यपालिकाले निर्णय गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

<u>द्रष्टव्य:-</u>

यस परिच्छेदमा उल्लिखित-

**"गाउँपालिका क्षेत्रभित्रको स्थायी बसोबास"** भन्नाले विश्वविद्यालयमा (विद्यावारिधी) को भर्ना लिइएको दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर माङसेवुङ गाउँपालिका, इलामभित्र स्थायीरुपमा बसोबास भएको सम्झनु पर्छ।

## परिच्छेद-५

## <u>छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था</u>

१२. <u>छात्रवृत्ति व्यवस्थापन समितिको गठन:</u> (१) यस ऐन बमोजिम उपलब्ध गराइने विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवम् व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ:

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य



विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(घ) कार्यपालिका मातहतको सामाजिक विकास समिति‌का संयोजक सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय (मा.वि.स्तर) का प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको एकजना सदस्य

(च) शिक्षा अधिकृत सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: यस ऐनको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका क्षेत्रभित्रको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीयस्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने।

(ग) यस ऐन बमोजिम उपलब्ध गराइएको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिकरुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,

(ङ) यस ऐनको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने।

(च) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यपालिकाले तोकेको कार्यहरु गर्ने।



विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-६

## विविध

१४. **दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध नगराइने:** यस ऐन बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारको कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन।

१५. **वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:** समितिले यस ऐनले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

१६. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** (१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफूलाई यस ऐन बमोजिम प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही काम, कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **बाधा अड्काउ फुकाउन सक्ने:** यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

१८. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. **नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्ने:** यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

२०. **खारेजी र बचाऊ:**

यस अगाडि कार्यपालिकाको निर्णयवाट भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूची १</u>

## माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०८० को दफा ... मा व्यवस्था भएको ........... विधाको छात्रवृत्तिका लागि छनोट भएका ............. निवासी श्री.......................ले माङसेवुङ गाउँपालिकासँग गरेको कबुलियतनामा

इलाम जिल्ला .....................पालिका, ..... नं. वडा निवासी श्री .......................को छोरा/छोरी वर्ष ..... को म श्री ......................... ले माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०८० को दफा ..... मा व्यवस्था भएको .......... विधाको छात्रवृत्तिका लागि छनोट भई श्री ............................ (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । । देखी सञ्चालन हुने अध्ययन कार्यक्रममा जान लागेकोले मैले माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०८० को दफा ... अनुसार माङसेवुङ गाउँपालिका, इलामसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री ............................................... ....................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि माङसेवुङ गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०८० को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ... वर्ष/महिना माङसेवुङ गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन। मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन। अध्ययन पूरा गरे पश्चात् गाँउपालिकाले खटाएको स्थानमा काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा माङसेवुङ गाउँपालिकाले छात्रवृत्तिको रुपमा ममाथि गरेको सम्पूर्ण लगानी रकम तथा सो मा माङसेवुङ गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा छात्रवृत्ति व्यवस्थापन समिति एवम् माङसेवुङ गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु।

<u>कबुलियतनामा गराउने अधिकारीको-</u>

नाम, थरः श्री

हस्ताक्षरः

दर्जाः प्रमुख प्रशासकीय अधिकृत, माङसेवुङ गाउँपालिका।

<u>कबुलियतनामा गर्ने विद्यार्थीको-</u>

नाम, थरः श्री

हस्ताक्षरः

ठेगानाः

<u>रोहबरमा बस्ने-</u>

शिक्षा अधिकृतको नाम, थरः श्री

विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः श्री

लेखा अधिकृतको नाम, थरः श्री

मितिः २० । ।

माङसेवुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत